नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

**विद्युत विकास विभाग**

(.....अनुमतिपत्र महाशाखा.....)

४५३४११९
४५११५३७
फोन नं.: ४५१९५०१
४५३९३६२
फ्याक्स: ४५३९९०३
पोस्ट बक्स नं.: २५००७
सानोगौचरण,काठमाडौँ, नेपाल


पत्र संख्याः- (अनुमतिपत्र) ०८२/८३
चलानी नं.:- ३५५

मितिः २०८२/०५/२२

विषयः <u>मालुमेला सेती नदी अर्धजलाशययुक्त जलविद्युत आयोजनाको विद्युत प्रसारण लाइन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा।</u>

श्री माता मालिका इनर्जी मल्टिपल प्रा.लि.,
का.म.न.पा.-२६, सामाखुसी, काठमाण्डौ।
सम्पर्क फोन नं. ९८६००६०३१७

उपरोक्त सम्बन्धमा तँहाबाट मिति २०८२/०२/०४ (दर्ता नं. ८५०६) मा मालुमेला सेती नदी अर्धजलाशययुक्त जलविद्युत आयोजनाको विद्युत प्रसारण लाईन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको लागि दिएको दरखास्त उपर कारबाही हुँदा तपशिल बमोजिमका नपुग कागजात/विवरणहरु ७ (सात) दिनभित्र पेश गर्नुहुन विभागको मिति २०८२/०५/२० गतेको (महानिर्देशकस्तर) निर्णयानुसार अनुरोध छ। साथै उक्त समयावधिभित्र माग भएका विवरणहरु पेश नभएमा दरखास्त रद्द हुने व्यहोरा जानकारी गराइन्छ।

<u>तपशिलः</u>

१. प्रवर्द्धक कम्पनीको कम्पनी दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र, प्रबन्धपत्र, नियमावली र अघिल्लो आ.व. को कर चुक्ता/दाखिला प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
२. प्रवर्द्धक कम्पनीको उद्योग दर्ता प्रमाणपत्र, अद्यावधिक शेयर लगत तथा सञ्चालक लगतको अभिलेखको प्रमाणित प्रतिलिपि।
३. प्रस्तावित प्रसारण लाइनको Route Alignment को विवरण (kmz file softcopy)।
४. प्रवर्द्धक कम्पनीको विद्युत प्रसारण लाइनको सर्वेक्षण अनुमतिपत्रको विभागमा निवेदन गर्ने आशयको सञ्चालक समितिको बैठकको निर्णयसहितको अख्तियारिनामा, पत्राचार गर्ने स्पष्ट ठेगाना र अख्तियारीनामा प्राप्त व्यक्तिको परिचयपत्र एवं सम्पर्क नं. सहितको विवरण।
५. प्रस्तावित १३२ के.भी. विद्युत प्रसारण लाइन राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रमा पर्ने/नपर्ने तथ्यको विवरण।
६. नेपाल विद्युत प्राधिकरण र प्रबर्द्धक माता मालिका इनर्जी मल्टिपल प्रा.लि. बीच भएको मालुमेला सेती नदी अर्धजलाशययुक्त जलविद्युत आयोजनाबाट उत्पादन हुने विद्युत खरिद विक्रि सम्झौतापत्र (PPA) तथा Grid Connection Agreement को प्रमाणित प्रतिलिपि।
७. मालुमेला सेती नदी अर्धजलाशययुक्त जलविद्युत आयोजनाको प्रबर्द्धक माता मालिका इनर्जी मल्टिपल प्रा.लि. तथा राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडबीच संयुक्त रुपमा विद्युत प्रसारणको लागि भएको सम्झौताको प्रमाणित प्रतिलिपि।
८. मालुमेला सेती नदी अर्धजलाशययुक्त जलविद्युत आयोजनाको वहाल रहेको विद्युत सर्वेक्षण/उत्पादन अनुमतिपत्रको प्रतिलिपि।
९. प्रबर्द्धक तथा परामर्शदातृ संस्था विच भएको सम्झौता, परामर्शदातृ संस्थाको कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र, प्रबन्धपत्र र नियमावली को प्रमाणित प्रतिलिपि।

..................
(सावित्री धमाला)
इलेक्ट्रिकल इन्जिनियर